# बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि २०७९

राजपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजपुर, रौतहट
मधेश प्रदेश

राजपुर नगरपालिका बाट स्वीकृत मिति २०७९/०३/१०
प्रमाणिकरण मिति : २०७९ साल असाढ २० गते

**प्रस्तावना :**
बालिका र अपाङ्गता भएका बालिकाहरुको शिक्षा, संरक्षण तथजा सुरक्षाका अधिकारहरुलाई प्रवर्द्धन गरी लैङ्गिक हिंसामा कमी ल्याउन र बालिकाहले सामना गरिरहेको शैक्षिक अवरोधहरुको सम्बोधन गर्न र सिकाइलाई दिगो रुपमा जिवनपर्यन्त निरन्तरता दिन र नगरपालिकाले गर्ने नीति निर्माण प्रक्रियामा उनीहरुको आवाज उठाउन स्वतन्त्र सरोकारवाला समूहको रुपमा बालिका तथा समावेशी शिक्षा सञ्जाल लाई संस्थागत गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बालिका तथा समावेशी शिक्षा संञ्जाल गठन तथा परिचालनका लागि कार्यविधि जारी गरिएको छ ।

(१) **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "बालिका तथा समावेशी शिक्षा संञ्जाल गठन तथा परिचालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(३) **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :
(क) **"नगरपालिका"** भन्नाले राजपुर नगरपालिका बुझाउँछ ।
(ख) **"नगरपालिका उपप्रमुख"** भन्नाले राजपुर नगरपालिको उपप्रमुखलाई बुझाउँछ ।
(ग) **"समावेशी शिक्षा"** भन्नाले ऐन २०२८ (नवौ संशोधित) को दफा ६ (क) बमोजिमको शिक्षालाई बुझाउँछ ।
(घ) **"सञ्जाल"** भन्नाले यस कार्यविधि बमोजिम गठित समितिलाई बुझाउँछ ।
(ङ) **"अपाङ्गता भएका व्यक्तिहरु"** भन्नाले अपाङ्गता भएमा व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७४ को अनुसूची १ मा उल्लेख भएका परिभाषा र वर्गीकरण सम्झनुपर्दछ ।
(छ) **"सदस्य"** भन्नाले यसै कार्यविधि बमोजिमका बालिका तथा समावेशी शिक्षा सञ्जालका सदस्यहरुलाई सम्झनुपर्दछ ।
(ज) **"बालिका तथा समावेशी शिक्षा संञ्जाल"** भन्नाले समुदाय वा विद्यालय स्तरमा बालिका तथा समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने उद्देश्यले गठन भएको समूह वा समितिलाई सम्झनु पर्दछ ।

(३) **उदेश्य :** यस कार्यविधिको उद्देश्य देहाय बामोजिम हुनेछ ।
(क) नगरपालिका भित्र रहेका सबै बालबालिकाहरुलाई शिक्षाको पहुँचमा ल्याउने तथा बालिका शिक्षा र समावेशी शिक्षको प्रवर्द्धन गर्ने ।
(ख) बालिकाहरुले सामना गरिरहेका शैक्षिक अवरोधहरुको सम्वोधन गर्न र सिकाईलाई दिगो रुपमा जीवनपर्यन्त निरन्तरता दिने ।
(ग) विद्यालय हाताभित्र, विद्यालय आउँदा जाँदा र समुदायमा बालबालिकामाथी हुने वा हुनसक्ने भेदभाव शारीरिक, भावनात्मक तथा यौनदुर्व्यवहार, शोषण, लैङ्गिक हिंसा, शारीरिक वा मानसिक दण्डसजाय, हेपाई लगायतका जोखिमको निर्धारित संयन्त्र, विधि र प्रक्रियाअनुरुप न्यूनिकरण गर्ने ।

राजपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजपुर, रौतहट
मधेश प्रदेश, नेपाल

डा. मो. राजीक आलम
नगर प्रमुख
राजपुर नगरपालिका
राजपुर, रौतहट
मधेश, प्रदेश

CamScanner

(घ) बालिका तथा समावेशी शिक्षा संञ्जाल गठन तथा परिचालन कार्यविधि लागु गर्न र संञ्जालको तथा लैङ्गिक सम्पर्क व्यक्तिको काम, कर्तव्य र भूमिका स्पष्ट गर्न ।

(ङ) संञ्जालका सदस्यहरु तथा लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गरी गुनासो सुनुवाई संयनत्रलाई सुदृढ गर्ने ।

(४) **नगरपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा संञ्जालको गठन :** (१) राजपुर नगरपालिकामा देहाय बमोजिमको नगरपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा संञ्जालको गठन हुनेछ :

(क) नगरपालिका अध्यक्ष एक जना - **प्रमुख सललाहकार**

(ख) नगरपालिका उपाध्यक्ष एक जना - **संयोजक**

(ग) नगरपालिका शिक्षा समितिको अध्यक्ष वा नगर शिक्षा समितिको अध्यक्षले मनोनित गरेको महिला सदस्यहरु मध्येबाट एक जना - **सदस्य**

(घ) सामाजिक विकास अधिकृत एक जना - **सदस्य**

(ङ) नगरपालिका भित्र भएको सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरु मध्ये एक जना -**सदस्य**

(च) नगरपालिका भित्र भएको सामुदायिक विद्यालयको शिक्षक अभिभावक संघ समितिको अध्यक्षहरु मध्ये एक जना - **सदस्य**

(छ) नगरपालिकाको बाल कल्याण अधिकारी वा महिला तथा बालबालिका शाखा अधिकृत एक जना- **सदस्य**

(ज) नगरपालिका भित्रको सामुदायिक विद्यालयहरु मध्येबाट प्रधानाध्यापक एक जना -**सदस्य**

(झ) स्थानीय नेपाल प्रहरीबाट महिला प्रतिनिधि एक जना-**सदस्य**

(ञ) नगरपालिका को स्वास्थ्य प्रमुख वा तोकेको प्रतिनिधि एक जना -**सदस्य**

(ट) दलित वा मुस्लिम वा अपाङ्गता भएको महिला मध्येबाट प्रतिनिधि एक जना -**सदस्य**

(ठ) नगरपालिका भित्र समावेशी, समान अधिकार तथा लैङ्गिकताको क्षेत्रमा कामगर्ने गैरसरकारी संस्थाबाट एक जना -**सदस्य**

(ड) नगरपालिका स्तरीय बालक्लव तथा बालबालिकाको प्रतिनिधि दुई जना (एक बालक र एक बालिका) - **सदस्य**

(ढ) नगरपालिका शिक्षा शाखा प्रमुख वा शिक्षा प्रमुखले तोकेको महिला प्रतिनिधि -**सदस्य सचिव**

(ण) परिवर्तनका सम्वाहक दुई जना (एक महिला र एक पुरुष) - **सदस्य**

(त) नगरपालिका भित्रका सामुदायिक विद्यालयबाट बालिका तथा समावेशी शिक्षा संञ्जाल अन्तर्गत लैङ्गिक सम्पर्क व्यक्तिहरु -**आमन्त्रित सदस्य**

(२) राजपुर नगरपालिकाको बालिका तथा समावेशी शिक्षा संञ्जालको बैठक संचालन, व्यवस्थापन तथा परिचालनको लागि देहाय बामोजिमको नगरपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा संञ्जालको कार्यदल समिति गठन हुनेछ :

(क) नगरपालिका को उपाध्यक्ष एवम् बालिका तथा समावेशी शिक्षा संञ्जालको संयोजक एक जना-**संयोजक**

डा. मो. राजीक आलम
नगर प्रमुख
राजपुर नगरपालिका
राजपुर, रौतहट
मधेश, प्रदेश

(ख) नगरपालिकाको शिक्षा शाखा प्रमुख वा शिक्षा प्रमुखले तोकेको महिला प्रतिनिधि एक जना- **सदस्य सचिव**

(ग) नगरपालिकाको बालकल्याण अधिकारी वा महिला तथा बालबालिका शाखा अधिकृत एक जना - **सदस्य**

(घ) नगरपालिका शिक्षा समितिको अध्यक्ष वा शिक्षा समितिको अध्यक्षले मनोनित गरेको महिला सदस्यहरु मध्येबाट एक जना -**सदस्य**

(ङ) नगरपालिका भित्र भएका सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये एक जना - **सदस्य**

(च) नगरपालिका भित्रका सामुदायिक विधालयहरु मध्येबाट प्रधानाध्यापक एक जना - **सदस्य**

(छ) स्थानिय नेपाल प्रहरीबाट महिला प्रतिनिधि एक जना - **सदस्य**

(ज) नगरपालिका भित्रको सामुदायिक विधालयहरुबाट बालिका तथा समावेशी शिक्षा सञ्जाल अन्तर्गत लैंगिक सम्पर्क व्यक्तिहरु - **आमन्त्रित सदस्य**

**(५) नगरपालिका स्तरिय बालिका तथा समावेशी शिक्षा सञ्जालको बैठक :**

(क) सञ्जालको गुणपुरक सङ्ख्या समितिको तत्काल कायम रहेको सदस्य सङ्ख्याको ५१% हुनेछ । तर समितिको बैठकमा गणपुरक सङ्ख्या नपुगी लगातार दुई पटक बैठक स्थगित भएमा तेस्रो पटक कम्तिमा एक चौथाई सदस्य उपस्थित भएमा बैठक बस्न सक्नेछ ।

(ख) सञ्जालको बैठक वर्षमा कम्तिमा पनि ४ पटक बस्नेछ तर आवश्यकता अनुसार सञ्जालको बैठक सञ्जालको कार्यदल समितिले मासिक रुपमा पनि बस्न सक्नेछ । सञ्जालको बैठकमा विषयगत विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) सञ्जालको बैठक सम्बन्धि अन्य कार्यविधि तोके बमोजिम हुनेछ ।

**(६) नगरपालिकामा स्तरिय बालिका तथा समावेसि शिक्षा सञ्जालको काम, कर्तव्य र जिम्मेवारी :**

(क) नगरपालिका स्तरिय बालिका तथा समावेशी शिक्षा सञ्जालको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

(१) विधालयमा गुणासो सुनुवाई समितिको लागि आवश्यक प्रतिनिधि तोकी कार्यान्वयनको लागि व्यवस्था मिलाउने ।

(२) गुणासो सुनुवाई कार्यविधि २०७४ (पहिलो संसोधन २०७७) अनुसार पालिका भित्रको विधालयहरुमा गुनासो सुनुवाई समिति गठन गर्न र त्यसलाई क्रियाशिल बनाउन पहल गर्ने ।

(३) विधालयले गुनासो सुनुवाई कार्यविधि अनुसार सुझाव पेटिका तथा गुनासो सुनुवाई संयन्त्रको व्यवस्था गरेको वा नगरेको अनुगमन गरि आवश्यक निर्देशन दिने ।

(४) विधालय स्तरमा गुनासो संकलन गर्न प्राप्त गुनासोहरुको वर्गिकरण गर्न र प्राथमिकिकरण गरी त्यसलाई सम्बोधन गर्न आवश्यक सहजीकरण गर्ने ।

(५) विधालय स्तरमा सम्बोधन हुन नसकेको गुनासोहरुलाई समाधानको लागि सम्वन्धित निकायमा प्रतिवेदन गर्न पहल गर्ने ।

डा. मो. राजीक आलम
नगर प्रमुख
राजपुर नगरपालिका
राजपुर, रौतहट
मधेश, प्रदेश

(६) विधालय स्तरमा परेका तथा सम्बोधन गरिएका गुनासोहरुको अध्यावधिक विवरण लिई राम्रो कार्य गर्ने विधालय तथा विधालय स्तरीय लैंगिक सम्पर्क व्यक्तिलाई पुरष्कृत तथा प्रोत्साहन गर्ने ।

(७) वार्षिक तथा अध्यावधिक योजनामा समसमायिक विषय समावेश गर्न पहल गर्ने । साथै विद्यालय एवं पालिकामा गुनासो सुनुवाई संयन्त्र संञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्न पहल गर्ने ।

(८) विद्यालयमा लैङ्गिक जातिय तथा अपाङ्गतामा आधारित हिंसा तथा अन्य वहिष्कारणमा परेको वालिकाहरुको पहिचान गरी न्युनीकरणको लागि पहल गर्ने ।

(९) समुदाय तथा विद्यालयमा हुने लैङ्गिक हिंसा, भेदभाव तथा दण्ड सजाय जस्ता गतिविधिहरुको न्यूनीकरणको लागि पहल गर्ने ।

(१०) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र अन्य समितिको गठनमा लैङ्गिक र समावेशी प्रतिनिधित्व सुनिश्चिताको लागि पहल गर्ने ।

(११) संञ्जालको बैठक लगायतका गतिविधि व्यवस्थित गर्न कार्यविधि बनाई लागु गर्ने ।

(१२) बालिकाहरुको लागि आवश्यक कार्यक्रमहरु तयार पारी पालिकाको वार्षिक कार्य योजनामा समावेश गरि कार्यान्वयन गर्ने गराउने ।

(१३) विद्यालयहरुमा लैङ्गिक हिंसा न्यूनीकरण सम्वन्धि गरेका कार्यहरु नियमित अनुगमन गर्ने तथा पृष्ठपोषण दिने ।

(१४) विद्यालयहरुमा बालिका आत्म संरक्षणको लागि तालिमको व्यवस्था गर्ने ।

(१५) पिडित बालिकाहरुको हिंसा, शोषण र दुर्व्यवहार जस्ता उजुरीहरुलाई गोपनीयता कायम गर्दै सम्वन्धित निकायमा रिपोट गर्ने र पिडितलाई आवश्यक सहयोगको लागि पहल गर्ने ।

(१६) बालिकाहरुलाई सुरक्षित वातावरणमा अध्ययन अध्यापन गर्न गराउन विद्यालयमा वातावरण सिर्जना गर्ने र गराउने ।

(१७) नगरपालिका संचालित विभिन्न अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गतका बालिकाहरुको तथ्यांक संकलनमा विभिन्न संघ संस्थाहरु संग समन्वयात्मक बैठक संचालन गरि, बालिकाहरुलाई औपचारिक शिक्षामा भर्ना गर्न तथा जिवन उपयोगी योजना बनाउनमा पहल तथा सहयोग गर्ने ।

(१८) नगरपालिकामा संञ्चालित विभिन्न बालिका कार्यक्रमहरुमा बालिकाहरुको संलग्नतामा पहल गर्ने तथा उपलब्ध भएको श्रोत साधनहरुमा बालिकाहरुको पहुँचलाई सुनिश्चितता गर्ने ।

(१९) नगरपालिकामा संञ्चालीत अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गतका अभिभावकहरुको लागि अभिभावक शिक्षा कार्यक्रमहरु संञ्चालन गर्ने तथा गराउने ।

(२०) नगरपालिका स्तरवाट वार्षिक योजना तर्जुमा मार्फत बालिकाहरुको लागि योजना बनाई वजेट विनियोजन गर्ने ।

(२१) वातावरणीय एवं दैविप्रकोप निवारण तथा प्रतिकारका लागि पैरवी गर्ने ।

(२२) बालिकाहरुलाई सामाजिक सुरक्षा योजनामा पहुचको लागि समन्वय तथा सहयोग गर्ने ।

(२३) नगरपालिका भित्रका विद्यालयहरुमा बालिका शिक्षाको प्रगतिलाई बेला बेलामा अनुगमन तथा मूल्यांकनगरि सुधारको लागि योजनाहरु विद्यालय स्तरमा छलफ गर्ने तथा कार्य योजना बनाउने ।

डा. मो. राजीक आलम
नगर प्रमुख
राजपुर नगरपालिका
राजपुर, रौतहट
मधेश प्रदेश

(७) **लैङ्गिक सम्पर्क व्यक्ति तोकिने :** (१) नगरपालिकाको बाल कल्याण अधिकारी वा महिला तथा बालबालिका शाखा अधिकृतबाट यस संञ्जालको लैङ्गिक सम्पर्क व्यक्ति तोकिनेछ ।

(८) **लैङ्गिक सम्पर्क व्यक्तिको काम कर्तव्य र जिम्मेवारी :**

(१) नगरपालिका स्तरिय बालिका तथा समावेशी शिक्षा संञ्जालको नियमित बैठक गराउने र बैठकबाट आएको मुद्दालाई सम्बोधनको लागि कार्यपालिकामा पेश गरी समाधानको लागि पहल गर्ने । संञ्जाललाई निरन्तर परिचालनको लागि स्रोत व्यवस्थापन तथा योजना निर्माणमा सहयोग गर्ने ।

(२) पालिका स्तरमा विद्यालय शिक्षाको पाठ्यक्रममा असमान सामाजिक लैङ्गिक भुमिका रुपान्तरण मुखि र हानिकारक परम्परागत अभ्यासहरु विरुद्धका विषयवस्तुलाई समावेश सहयोग गर्ने ।

(३) विद्यालयको भौतिक संरचना तथा अध्ययन अध्यापन विधिलाई लैङ्गिक तथा अपाङ्गतामैत्री बनाउने र संञ्जाललाई सक्रिय रुपमा परिचालन गर्ने ।

(४) विद्यालयमा भएको लैङ्गिक सम्पर्क व्यक्ति र विद्यालय व्यवस्थापन समितिसंग समन्वय गरी लैङ्गिक संवेदनशिलता, लैङ्गिक समानता सम्बन्धी सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गर्नुका साथै विद्यालयमा अनिवार्य रुपमा सुझाव पेटिका राख्ने व्यवस्था गर्ने ।

(५) लैङ्गिक हिंसा निवारणका लागि महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नगरिक, अपाङ्गता भएका व्यक्ति, शिक्षक, अभिभावक, राजनीतिक दल, नागरिक समाज, प्रहरी , पत्रकारहरु र स्थानिय सरकारबीच निरन्तर सार्वजनिक बहस एवं संवादको कार्यक्रम संञ्जाल मार्फत संञ्चालन गर्ने ।

(६) न्यायिक समितिलाई लैङ्गिक हिंसा विरुद्धका कानूनी व्यवस्था, मुद्दाको सुनुवाई, मुद्दाको व्यवस्थापन, अभिलेख व्यवस्थापन, प्रमाण संकलन लगायत ध्यान दिनु पर्ने अत्यावश्यक कानूनी सिद्धान्त तथा प्रक्रियाको बारेमा क्षमता विकासमा सहयोग गर्ने ।

(९) **अन्य सेवा सुविधा :** (१) संञ्जालको पदाधिकारीहरुको अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

(१०) **संञ्जालको सदस्यहरुको लागि अवसर प्रदान गर्न सकिने :**

(१) संञ्जालका पदाधिकारी तथा सदस्यहरु र लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास र नेतृत्वसीप विकासका लागि स्थानीय तह तथा साझेदार संस्थाहरु निर्धारण भए बमोजिम अनुशिक्षण, कार्यक्रमहरुमा क्षेत्र भ्रमण, कार्यशाला र अन्तरक्रिया जस्ता कार्यक्रमहरुमा सहभागी हुने अवसर प्रदान गर्न सकिनेछ ।

(२) मूल्यांङ्कन बाट उत्कृष्ट ठहरिएका सदस्यहरुलाई प्रेरणाको श्रोत चयन गर्न सकिनेछ ।

(११) **थप कार्यसुचि बनाउन सक्ने :** यस कार्यविधि बमोजिम विद्यालयले आफ्नो कार्यसूचि तयार गर्न सक्नेछन ।

(१२) **प्रतिवेदन पेश गर्ने :** संञ्जालले आफुले पेश गरेको कार्यको प्रतिवेदन प्रत्येक बैठक वा कार्यालय सम्बन्धि कार्य संञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कायान्वयनको लागि आवश्यक

(१४) **रकम फ्रिज नहुने :** यस कार्यविधिमा जुन सुकै कुरा लेखिएको भएतापनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्तमा बाकी रहेमा त्यस्तो रकम फ्रीज हुने छैन । र आगामी आ.व. मा बाकी रकमको थप योजना बनाई कार्यान्वयनमा ल्याउन सकिन्छ ।

डा. मो. राजिक आलम
नगर प्रमुख
राजपुर नगरपालिका
राजपुर, रौतहट
मधेश प्रदेश

CamScanner

**(१५) खारेजी र बचाउ :**

(१) यस कार्यविधिमा रहेको व्यवस्थाकार्यान्वयन गर्न वाधा अडकाउ परेमा अन्तिम निर्णय गर्ने अधिकार राजपुर नगरपालिकामा रहनेछ ।

(२) यस कार्यविधि अन्तर्गत रहेको भएको व्यवस्था सोही वमोजिम र नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(३) यस कार्यविधिमा रहेको प्रवधानहरु प्रचलित संविधान संघिय, प्रदेश तथा स्थानिय कानुन संग बाझिएको हकमा हद सम्म स्वत निष्क्रिय हुनेछ ।

**"समाप्त"**

डा. मो. राजीक आलम
नगर प्रमुख
राजपुर नगरपालिका
राजपुर, रौतहट
मधेश, प्रदेश

CamScanner